Journal of Bhuwanishankar (JoBS)
A Peer Reviewed Research Journal
ISSN: 2961-1938 (Print), 2961-1946 (Online)

# जिरो कटेज उपन्यासमा साइबर–पर्यावरण

**एकनारायण पौड्याल* पि.एच.डी.**
enpaudyal@gmail.com

Received: 7 August, 2024 Accepted: 17 September, 2024

**लेखसार**

*प्रस्तुत लेखमा टंक चौलागाईँद्वारा लिखित जिरो कटेज (२०६८) उपन्यासको साइबर-पर्यावरणका दृष्टिले अध्ययन गरिएको छ । साइबर भन्नाले विद्युतीय सञ्चारको सञ्जाल भन्ने बुझिन्छ भने पर्यावरण भन्नाले सबैतिर फैलिएको जलवायु वा प्राकृतिक वातावरण भन्ने बुझिन्छ । साहित्यका सन्दर्भमा साइबर-पर्यावरण भन्नाले साइबरसञ्जाल र प्रविधिमा आधारित पर्यावरण भन्ने बुझिन्छ । यस लेखमा प्रस्तुत उपन्यासभित्र सोही साइबर-पर्यावरणको अध्ययन गरिएको छ । अध्ययनका क्रममा जिरो कटेज उपन्यासलाई प्राथमिक सामग्रीका रूपमा लिइएको छ भने साइबर र पर्यावरणसँग सम्बन्धित सामग्रीलाई द्वितीयक स्रोतसामग्रीका रूपमा लिइएको छ । गुणात्मक प्रकृतिको यस अध्ययनमा व्याख्यात्मक एवं विश्लेषणात्मक विधि अवलम्बन गरी गृहीत उपन्यासको साइबर-पर्यावरणका मान्यतालाई आधार बनाई अध्ययन गरिएको छ । यस दृष्टिले अध्ययन गर्दा प्रस्तुत उपन्यासमा उच्च प्रविधिका प्रयोगले प्रकृति तथा मानवअस्तित्व खतरामा परेकामा चिन्ता र पर्यावरण संरक्षणप्रति चासो पाइएको जनाइएको छ । समग्रमा साइबर-पर्यावरणका दृष्टिले उपन्यास सफल एवं प्रभावकारी देखिएको निष्कर्ष निकालिएको छ ।*

**शब्दकुञ्जी**ः इकोलोजी, भूमण्डलीकरण, डिजिटल प्रविधि, साइबर-पर्यावरण, साइबर सञ्जाल ।

## विषयपरिचय

टंक चौलागाईं (२०३९) साहित्यका क्षेत्रमा विभिन्न विधामा कलम चलाउने स्रष्टाका रूपमा परिचित छन् । चौलागाईँ मूलतः आख्यान र नाटकका क्षेत्रमा बढी परिचित छन् । बालसाहित्य पनि उनको रुचिको विषयक्षेत्र हो भन्ने कुरा उनका आधा दर्जन बालसाहित्यका पुस्तकबाट पुष्टि हुन्छ । उनका *कथाको खोजी* (२०६४), *जिरो कटेज* (२०६८), *काठमान्डु गीत* (२०६८), *टालाटुली* (२०७३), *उबडखाबड* (२०७६) र *रूदाने* (२०८१) गरी छवटा उपन्यास प्रकाशित छन् । प्रस्तुत उपन्यासहरूमा विषयगत विविधता र नवीनता पाइन्छ । अन्य उपन्यासहरूमध्ये *जिरो कटेज* विषयवस्तुगत नवीनता र समसामयिकताका दृष्टिले महत्त्वपूर्ण रहेको छ । यसलाई विज्ञान उपन्यास, साइबर उपन्यास, वातावरणीय उपन्यास, साइबर-पर्यावरणीय उपन्यास आदि संज्ञा दिन सकिन्छ । यस उपन्यासमा विज्ञान र प्रविधिले उब्जाएका पर्यावरणीय समस्याको उजागर गरिएको छ । यसैले प्रस्तुत उपन्यासको साइबर-पर्यावरणसम्बन्धी मान्यतालाई आधार बनाएर अध्ययन गर्न उपयुक्त हुने देखिएको छ । साइबर-पर्यावरण नेपाली साहित्यमा नवीन अवधारणाका रूपमा रहेको छ । यसले डिजिटल अर्थात् विद्युतीय सञ्जालको प्रयोग र त्यसले समाज तथा पर्यावरणका क्षेत्रमा पारेको प्रभावको अध्ययन गर्दछ । गृहीत उपन्यास *जिरो कटेज*को यसअघि साइबर र पर्यावरणलाई आधार बनाई छुट्टाछुट्टै रूपमा अध्ययन गरिए पनि साइबर-पर्यावरणलाई नै आधार बनाएर विस्तृत

* *एकनारायण पौड्याल, त्रिवि, वीरेन्द्र बहुमुखी क्याम्पस भरतपुरमा सहप्राध्यापक हुनुहुन्छ ।*

रूपमा अध्ययन नगरिएकाले सोही शोधरिक्ततालाई पूरा गर्नका लागि यो विषयशीर्षक चयन गरिएको हो । यसरी नवीन मान्यताका आधारमा अध्ययन गरिएकाले यसको प्राज्ञिक महत्त्व रहने विश्वास गरिएको छ ।

## अध्ययनविधि

प्रस्तुत अध्ययनमा पुस्तकालयलाई सामग्री सङ्कलनको स्रोतका रूपमा लिइएको छ । यसमा विश्लेष्य कृति *जिरो कटेज* प्राथमिक सामग्रीका रूपमा रहेको छ भने साइबर, पर्यावरण र साइबर-पर्यावरणका सम्बन्धमा उल्लेख गरिएका लेख, पुस्तक आदि सामग्री द्वितीयक स्रोतका रूपमा रहेका छन् । यसरी प्रस्तुत अध्ययनमा प्राथमिक र द्वितीयक दुवै स्रोतका सामग्री प्रयोग गरिएको छ । यो अध्ययन गुणात्मक प्रकृतिको रहेको छ र यसमा व्याख्यात्मक एवं विश्लेषणात्मक विधि अवलम्बन गरिएको छ । उपन्यासको पाठ विश्लेषणका लागि साइबर एवं पर्यावरणसँग सम्बन्धित समालोचनाका मान्यता र साइबर-पर्यावरणसम्बन्धी अवधारणालाई आधार बनाइएको छ । विश्लेषणका क्रममा उपन्यासबाट मुख्यमुख्य अंश उद्धरण गरी सोदाहरण प्रस्तुत गरिएको छ ।

## सैद्धान्तिक पर्याधार

कृति विश्लेषण गर्ने नवप्रवर्तित सिद्धान्तअन्तर्गत साइबर समालोचना, पर्यावरणीय समालोचना, आध्यात्मिक पर्यावरणीय समालोचना आदि पर्दछन् । डिजिटल र साइबर प्रविधिको विकास र विस्तारसँगै समाजमा परिवर्तन आएको छ । यसले मानवसमाज, संस्कृति र पर्यावरणमा प्रभाव पारेको छ । साहित्यले समाजको चित्रण गर्ने हुँदा वर्तमान समयमा लेखिएका विभिन्न विधाउपविधाका कृतिमा सोही साइबरप्रभावित समाजको चित्रण गरिएको छ । त्यस्ता कृतिहरूमध्येको उल्लेखनीय एउटा कृति *जिरो कटेज* हो । यसको विश्लेषण साइबर र पर्यावरणमध्ये कुनै एक आधारमा मात्र गर्दा अर्को महत्त्वपूर्ण पक्ष छुट्ने र अर्कातर्फ दुवै पक्षलाई समेट्ने गरी साइबर-पर्यावरणको अवधारणा विकसित भएकाले यहाँ सोही अवधारणालाई आधार बनाएर अध्ययन गरिएको छ । अतः विश्लेषणको पर्याधारका रूपमा रहेको साइबर-पर्यावरणको परिचय दिनु औचित्यपूर्ण र आवश्यकसमेत भएकाले यहाँ साइबर-पर्यावरणको परिचय प्रस्तुत गरिएको छ । यस क्रममा पहिला साइबर, साइबर साहित्य र पर्यावरण एवं पर्यावरण साहित्यको पनि परिचय दिइएको छ

साइबर विद्युतीय सञ्जालका क्षेत्रमा प्रयोग हुने शब्द हो । यसलाई डिजिटल प्रविधिअन्तर्गत सामाजिक, आर्थिक, शैक्षिक आदि क्षेत्रमा छिटो, सरल र प्रभावकारी रूपमा सेवा दिने माध्यमका रूपमा लिइन्छ । वर्तमान समयमा मानव र मानवसमाज साइबरको प्रयोगसँग अनभिज्ञ भएर व्यवहार सहज किसिमले चल्न सक्ने अवस्था छैन । यसैले समाजमा यो अनिवार्य भएको छ । साइबरसञ्जाल मानिसका लागि अपरिहार्यजस्तै भएकाले समाजमा साइबर संस्कृतिको विकास भएको छ र यसको प्रभाव सिर्जना र समालोचना दुवै क्षेत्रमा परेको छ । साइबर संस्कृति भन्नाले इन्टरनेटको प्रयोग र यससँग सम्बद्ध परिवर्तित संस्कृति भन्ने बुझिन्छ भने साइबरसंस्कृतिमा आधारित सिर्जनात्मक कृतिको गहन अध्ययन गर्ने सिद्धान्तलाई साइबर समालोचना भनिन्छ (अधिकारी, २०७४, पृ.३) । साइबर समालोचना अङ्ग्रेजी साइबर क्रिटिसिज्मको नेपाली रूपान्तर हो । साइबर शब्द अङ्ग्रेजी भए पनि यो नेपालीसरह प्रयोग हुँदै आएको छ । विश्वव्यापी सञ्जाल र बहुआयामिक परोक्ष यथार्थमा आधारित संस्कृतिलाई साइबर संस्कृति भनिन्छ । यसअन्तर्गत साइबर दिक्, प्रविधि संस्कृति, परोक्ष समुदाय, परोक्ष यथार्थता, यन्त्रमानव, साइबर आकृतिहरू आदि पर्दछन् (गिलिस, सन् २००७ : २०२) । यो भूमण्डलीकरण वा विश्वग्रामसँग सम्बन्धित भएकाले यसले स्थान र समयलाई नजिक गराउँछ

(पौड्याल, २०७०, पृ.४३) । साइबर संस्कृति सूचना प्रविधिसँग सम्बन्धित छ । सूचना प्रविधि भन्नाले कुनै उत्पादित वस्तुको ग्रहणीय स्थानसम्म पुऱ्याउने पद्धति भन्ने बुझिन्छ र यसअन्तर्गत रेडियो, टेलिभिजन, सिनेमाघर, भिडियो, नेट, वेब, फेसबुक आदि माध्यम पर्दछन् (थापा, २०६७ : ३७२, ३७९) । यस कुराबाट मुख्यतः इन्टरनेटसँग सम्बन्धित विद्युतीय सञ्चारको सञ्जाल नै साइबर हो भन्ने बुझिन्छ (शर्मा, २०६८ : पृ. उल्लेख नभएको) र आदत भइसकेको यससँगको सम्बन्धलाई साइबर संस्कृति भनिन्छ । यसरी प्रविधिको विकासका कारण संस्कृतिका क्षेत्रमा भएका परिवर्तनहरूलाई साइबर संस्कृतिले बुझाउँछ र यसको विश्लेषण साइबर समालोचनाले गर्दछ । यसले परोक्ष यथार्थ जीवनको अध्ययन र विश्लेषण गर्दछ । परोक्ष यथार्थ भनेको सत्य वा यथार्थ नभई सत्यको यान्त्रिक नक्कल हो र परोक्ष यथार्थसँग सम्बन्धित कृतिमा मानिसले गर्ने शारीरिक कार्यदेखि सम्झने बिर्सनेजस्ता मानसिक कार्य पनि यन्त्रले गर्दछ (भट्टराई, २०६४ : ६६) । आजको संसार यही यथार्थभन्दा परको अस्पृश्य र अवास्तविक यथार्थमा रमाएको छ । यो संस्कृति साइबर संस्कृति हो र यसको विश्लेषण साइबर समालोचनाले गर्दछ । यो समालोचना दोस्रो विश्वयुद्धपछि सूचना तथा सञ्चारका क्षेत्रमा आएको तीव्र र उच्च प्रविधिको विकाससँगै सन् १९८० का दशकपछि सुरु भएको हो ।

पर्यावरणलाई वातावरण पनि भनिन्छ । वातावरण सामाजिक, आर्थिक, प्रविधिजन्य आदि जुनसुकै किसिमको हुन सक्दछ तापनि साहित्यमा आउने वातावरण प्रकृति र जलवायु वा हावापानी आदि पक्षसँग सम्बन्धित हुन्छ । यसरी पर्यावरण शब्दले सन्दर्भअनुसार फरक फरक अर्थ दिए पनि सामान्यतः प्रत्यक्ष वा परोक्ष रूपले प्रभाव पार्ने आसपासको अवस्था वा परिस्थिति भन्ने जनाउँछ । यो निर्मित र प्राकृतिक गरी दुई प्रकारको हुन्छ । निर्मित पर्यावरणअन्तर्गत सामाजिक, सांस्कृतिक आदि विषयक्षेत्र पर्दछन् भने प्राकृतिक पर्यावरणअन्तर्गत हिमाल, पहाड, जलवायु आदि पर्दछन् (गौतम, २०६४ : २४६) । पर्यावरणीय समालोचनाले यही दोस्रो प्रकारको वातावरणसँग सम्बन्ध राख्दछ । पर्यावरणीय समालोचनाले साहित्य र भौतिक वातावरणका बिचको सम्बन्धलाई बुझाउँछ (बेरी, सन् २००२ : २४८) । मानवेतर प्राणी तथा निर्जीव पदार्थबिचको सम्बन्धको अध्ययन गर्ने (त्रिपाठी, २०८०, पृ.७१) हुँदा यसको सम्बन्ध प्राकृतिक वस्तुसँग मात्र नभई मानवेतर प्राणीसँग पनि हुन्छ । अतः यस समालोचनालाई मानव र मानवेतर जगत्का बिचको अध्ययन भनेर पनि बुझिन्छ (चाइल्डस् र फोउलर, सन् २००८ : ६५) । यो समालोचना अङ्ग्रेजी इकोक्रिटिसिज्मको नेपाली रूपान्तर हो । यसको थालनी सन् १९८० को दशकबाट भएको हो । यसको सम्बन्ध पर्यावरणवादसँग छ । पर्यावरणवादले मानव र पर्यावरणबिचको सम्बन्ध अध्ययन गर्दछ र यो अहिले धरतीको रक्षा गर्ने मानवीय अभियानका रूपमा स्थापित छ (भट्टराई, २०६५/०६६, पृ.१५७) । पर्यावरणवादले विज्ञानका तहबाट हावा, पानी आदि वस्तु र पदार्थमा भएको असरको अध्ययन गर्दछ (भट्टराई, २०६४ : २०२) भने पर्यावरणीय समालोचनाले पर्यावरणसँग सम्बन्धित विविध पक्षमा ध्यान दिएर लेखिएका साहित्यिक कृतिको अध्ययन गर्दछ । यसरी अध्ययन गर्दा पर्यावरणीय समालोचनाले पर्यावरणवादको सहयोग लिने हुँदा यी दुवैका बिच निकट सम्बन्ध रहेको देखिएको छ । पर्यावरणीय साहित्यमा जलवायु परिवर्तन, जैविक विविधता, वन्यजन्तु चोरीसिकारी, पर्यावरणसँग आदिवासीको साइनो आदि विषयका रूपमा आउन सक्दछन् (हितान, २०८०, पृ.५०-५२) र पर्यावरणीय समालोचनाले यस्ता विषयहरू कृतिभित्र कसरी आएका छन् भनी हेर्दछ । यसले खासगरी भौतिक विकासका कारणले जल, जमिन, आकाश आदि सबै क्षेत्रको पर्यावरण विनाश हुन थालेपछि पर्यावरण बचाऔँ भन्ने उद्देश्यले लेखिएका रचना वा कृतिको अध्ययन गर्दछ (गौतम, २०६७, पृ.३९१) । यसरी प्रकृतिको हितलाई केन्द्रमा राखेर अध्ययन गर्ने सिद्धान्त नै पर्यावरणीय समालोचना हो ।

साइबर-पर्यावरण भन्नाले साइबरले पर्यावरणमा पुऱ्याएको असर भन्ने बुझिन्छ भने साइबर-पर्यावरणीय समालोचना

भन्नाले डिजिटल प्रविधिका कारण पर्यावरणमा परेको असर र पर्यावरणको सुरक्षा गर्नुपर्ने मान्यतामा आधारित कृतिको समालोचना गर्ने सिद्धान्त भन्ने बुझिन्छ। त्यसैले यसको सम्बन्ध डिजिटलमा आधारित साइबरसँग पनि हुन्छ र पर्यावरणसँग पनि हुन्छ। साइबर-पर्यावरणले डिजिटलका प्रयोगले कस्ताकस्ता क्षेत्रमा फाइदा वा नोक्सान पुऱ्याएको छ भनेर अध्ययन गर्नाका साथै प्रविधिको प्रयोग वा उपयोग मानव, मानवेतर प्राणी र सम्पूर्ण प्रकृतिजगत्को हितका लागि हुनुपर्दछ भन्ने मान्यता राख्दछ।

साइबर-पर्यावरण अङ्ग्रेजी साइबर इकोलोजीको नेपाली रूपान्तर हो। यसलाई साइबर पारिस्थितिकी पनि भन्न सकिन्छ। यसले अन्तर्विषयक अध्ययनलाई बुझाउँछ। यसले साइबर प्रविधि, मानवीय व्यवहार, सामाजिक संरचना र बृहत्तर पर्यावरणका बिचको सम्बन्ध अध्ययन गर्दछ। यसले इन्टरनेट र साइबर प्रविधिलाई पर्यावरणसँग जोड्दै प्रविधिगत प्रगति र त्यसले समाज, संस्कृति, अर्थतन्त्र र वातावरणमा खेलेको भूमिका र तिनका बिचको एकआपसी सम्बन्धको अध्ययन गर्दछ। साइबर प्रविधिले पर्यावरणमा के कस्तो प्रभाव पार्दछ भन्ने सम्बन्धमा एल. फ्लोरिडी (सन् २०१०) ले *द फिलसफी अब इन्फर्मेसन* भन्ने पुस्तकमा आफ्नो दृष्टिकोण प्रस्तुत गर्दै उच्च प्राविधिक तत्त्वले पर्यावरणीय व्यवस्थामा असर पुऱ्याउने बताएका छन् (पृ.१५) भने एम. क्यास्टेल्स् (सन् २०१०) ले *द राइज अब नेटवर्क सोसाइटी* नामक पुस्तकमा डिजिटल व्यवहार र प्रविधिका प्रभावले व्यक्तिगत तथा सामूहिक निर्णयमा प्रभाव पार्ने र त्यसबाट पर्यावरणको सुरक्षामा असर पर्ने कुराको सङ्केत गरेका छन् (पृ.३५)। यसरी नै आर.मेक्सवेल र टी.मिलर (सन् २०१२) ले *ग्रिनिङ द मेडिया* शीर्षकको पुस्तकमा डिजिटल प्रविधिजस्तै इ-वेस्ट, इन्धनको प्रयोग आदिले पर्यावरणमा प्रतिकूल असर पार्ने धारणा राखेका छन् (पृ.१२) भने एस.जुबोफ (सन् २०१९) ले *द एज अफ सर्भेलियन्स क्यापिटालिज्म* नामक पुस्तकमा साइबर प्रविधिले नियमन र नैतिक प्रश्नका बारेमा चर्चा गर्दै नैतिकता, साइबर-पर्यावरण पद्धति, साइबर सुरक्षा र एआई नैतिकतामाथि नियमन गर्न अत्यावश्यक हुने कुरा उल्लेख गरेका छन् (पृ.१६)। विद्वान्हरूका भनाइबाट उच्च प्रविधि तथा साइबरका कारण पर्यावरणमा असर परेकाले अनि यसका प्रयोगकर्ता मानिस भएकाले मानिसले नै यस क्षेत्रमा चासो दिनुपर्ने र पर्यावरणको सुरक्षा गर्नुपर्ने बुझिन्छ। साइबर-पर्यावरणको अवधारणा यही मान्यतामा आधारित छ तर यसले स्थलगत रूपमा अध्ययन नगरी रचनामा साइबरले पर्यावरणमा पुऱ्याएका असरहरू के कसरी देखाइएको छ भनी अध्ययन गर्दछ।

## विमर्श र परिणाम

नेपाली उपान्यासको विकासपरम्परामा *जिरो कटेज* नवीन विषय र शैली अवलम्बन गरी लेखिएको उपन्यास हो। सञ्चार र प्रविधिसँग सम्बन्धित विषयवस्तुलाई आधार बनाई सिर्जना गरिएको यो उपन्यास वातावरणीय चेतना, विज्ञान र प्रविधिको उपयोग एवं साइबरचेतका दृष्टिले उल्लेखनीय रहेको छ। प्रस्तुत उपन्यासमा विद्युतीय सञ्चारसँग जोडिएका अनेक प्राविधिक तथा पारिभाषिक शब्द प्रयोग भएका छन्। यसमा प्रयोग गरिएका अटोमेटिक सिस्टम, अन, अनलक, अनलाइन, अपडेट, इनभिजिबिलिटी, इन्टरनेट, इन्ट्री, इन्डिकेटर, इरर, इलुजन, इलेक्ट्रिक एक्टिभ, एन्टिभाइरस, एप्लिकेसन कनेक्सन लुज, कम्प्युटर, कम्प्युटराइज, किबोर्ड, की, कृत्रिम बौद्धिकता, जुम, टावर,डिक्स, डिजिटल, तार, दृश्य, नेटवर्किङ, पावर अफ, पासवर्ड, पिजेट वायर, प्रोग्रामिङ, प्रोसेसर, फ्युज, बायो चिप्स, बायोम्यान, भाइरस, भिजिबिलिटी, मदरबोर्ड, मुभ, मेमोफुल, मेमोरीपावर, मोनिटर, म्यासेन्जर, रिमोट, रिस्टोर, रेस्पोन्स, रोबोट, रोबो ड्राइब, ऱ्याम, लक, लगइन, वेभ, सफ्टवेयर, सर्किट बोर्ड, साइट, साइबर क्याफे, साइबर स्पेस, सामाजिक सञ्जाल, सिङ्नल, सिस्टम, सिस्टम ह्याक, सेभ, स्क्रिन, स्पिड, हाइलाइट, हार्डवेयर आदि शब्दहरूले

प्रस्तुत उपन्यास साइबरसँग सम्बन्धित भएको कुरा पुष्टि गर्दछन् । यसरी नै यसमा ग्लोबल वार्मिङ, धुवाँ, प्रकृति विनाश, प्रदूषण, पृथ्वीको तापक्रम, वातावरण, वातावरणमैत्री, वायुमण्डलका विनाशकारी तत्त्व, हरितगृह ग्यास आदि पर्यावरणसँग सम्बन्धित पद तथा पदावलीहरू प्रयोग भएका छन् । यसकारण प्रस्तुत उपन्यासलाई साइबर-पर्यावरणका दृष्टिले अध्यनन गरिएको छ । यस आधारमा उपन्यासको अध्ययन गर्नका लागि प्रविधिका प्रयोगले प्रकृति तथा मानवअस्तित्त्व खतरामा परेकामा चिन्ता र पर्यावरण संरक्षणप्रति चासो गरी दुईवटा सूचक तयार गरिएको छ । यहाँ उपन्यासबाट सम्बन्धित अंश उद्धरण गरी साक्ष्यद्वारा यिनै सूचकमा भनिएका विषयसन्दर्भको पुष्टि गरिएको छ ।

**प्रविधिका प्रयोगले प्रकृति तथा मानवअस्तित्त्व खतरामा परेकामा चिन्ता**

प्रस्तुत उपन्यासमा उच्च प्रविधिको प्रयोग बढ्दै जाँदा भविष्यमा प्रकृति तथा मानवको अस्तित्त्व सङ्कटमा पर्ने हो कि भन्ने चिन्ता प्रकट गरिएको छ । पर्यावरण र मानव तथा समस्त प्राणीका बिच निकट सम्बन्ध रहने भएका कारण पर्यावरणमा असर पर्दा मानिस र अन्य प्राणीमा पनि असर पर्दछ । वर्तमान समयमा प्रविधिका प्रयोगले एकातर्फ जल, जमिन, वायु आदि क्षेत्रमा प्रतिकूल असर परेको छ भने अर्कातर्फ समस्त प्राणीमा पनि त्यसको असर परेको छ । जलवायुमा भएको परिवर्तनले विश्वमा सबैलाई असर गरेको छ । मानिसले गरेका आविष्कारले मानिसलाई नै हानि पुऱ्याएको छ । प्रस्तुत उपन्यासमा यिनै विषयवस्तुलाई महत्त्व दिएर प्रस्तुत गरिएको छ । उदाहरणका लागि एक अनुच्छेद जस्तै :

> पृथ्वीमा सबैतिर चमत्कार थियो । यसको प्रत्यक्ष असर मानवीय अस्तित्त्व, प्रकृति र प्रविधिमा देखियो । विज्ञान प्रविधिले निरन्तर विकास ल्याइरह्यो । विकासले प्रकृतिको आफ्नोपनलाई खियाइरहेको थियो । यो विकास हो या विनाश ? प्रकृति रिसाएकी थिइन् । भोकमरीले मान्छेहरू, मान्छे खाने अवस्थामा पुगेका थिए । सहर यस्तो भइसक्यो, घरमाथि घर, मान्छेमाथि मान्छे थिए । लुटपाट, हत्या र आतङ्क बढेको बढ्यै थियो । भोकले गर्दा मान्छेको आचरण बिग्रेको थियो । ....सूर्य तातेर किरण खराब, प्रदूषित थियो । माटो डढेर उब्जनी घटेको थियो । पानी सुकेर जमिन फुटेको थियो । हावा बाक्लिएर अक्सिजन घटेको थियो । तापक्रम बढेर पृथ्वी अशान्त थियो । (पृ.६)

वर्तमान समयमा विज्ञानको आविष्कार र मानिसको महत्त्वाकाङ्क्षाका कारण प्रविधिको विकास चरम अवस्थामा पुगेको छ । यसबाट मानवीय अस्तित्त्व र प्रकृति दुवैमा असर पुगेको छ । विज्ञानका कारण बाहिरी रूपमा विकास भएको देखिए पनि यसले प्रकृतिको आफ्नोपन मेटाइदिएको छ । पानी, माटो, हावा आदि प्राकृतिक तत्त्वले आफ्नो गुणधर्मअनुसारको काम गर्न अक्षम भएका छन् । यसले गर्दा मानिस, अन्य प्राणी, वनस्पति आदि सबैमा नकारात्मक असर परेको छ । सबै कुराको सन्तुलन गुमेको छ । भोकका कारण मानिसमा स्वार्थी प्रवृत्तिको विकास भएको छ । संसारभर एकआपसमा झगडा भइरहेको छ । पानीको अभाव हुँदै गइरहेको छ । कलकारखाना, प्लास्टिक आदिका कारण प्रदूषित भई हावा बाक्लिएर अक्सिजन घटेको छ र स्वस्थ हावाको पनि अभाव हुँदै गएको छ । उपन्यासमा यसरी विज्ञान र प्रविधिका कारण समस्त प्राणी र प्रकृतिजगत्मा असर परिरहेकामा चिन्ता प्रकट गरिएको छ । यसै भावमा आधारित अर्को एक अनुच्छेद जस्तै :

> समय बित्दै थियो । बितेका समयले धेरै परिवर्तन ल्याउँदै थियो । राम्रो या नराम्रो, सुधारउन्मुख या बिग्रिएको, विकसित वा अविकसित, परिवर्तन भनेको परिवर्तन नै हो । परिवर्तनलाई कसैले रोक्न सक्दैनथ्यो । यो

परिवर्तन समयले माग्थ्यो । जिरो कटेजको समय प्रविधिजन्य भइरहेको थियो । यही प्रविधिले बाहिरी संसारलाई खाँदै थियो । मान्छेमान्छेमा मारामार थियो । यो मारामार खानका लागि, बस्नका लागि, जित्नका लागि, परिवर्तनका लागि हो । मान्छे जित्नका लागि आफ्नैलाई सिध्याउँथे । बाहिरी दुनियाँ असन्तुलित बनिरहेको थियो । यही प्रविधिले औद्योगिकीकरणलाई बढाइरहेको थियो । औद्योगिकीकरण बढेर प्रकृतिलाई डढायो । पृथ्वीलाई डढायो । (पृ.५८)

विज्ञान र प्रविधिका कारण संसारभर सबै क्षेत्रमा भौतिक उन्नति भइरहेको छ । यन्त्रका विकासले गर्दा हरेक क्षेत्रमा परिवर्तन आएको छ । राम्रो भए पनि नराम्रो भए पनि परिवर्तन भनेको विकासको सङ्केत हो । यसलाई रोक्न खोजेर पनि रोक्न सकिँदैन । हरेक कुराका धनात्मक र ऋणात्मक पक्ष हुन्छन् । प्रविधिका पनि दुवै पाटा छन् । विज्ञान र प्रविधिका कारण एकतर्फ सञ्चार, यातायात, कृषि, उद्योग आदि क्षेत्रमा सुविधा भएको छ भने अर्कातर्फ यसले मानिसलाई अल्छी बनाउनाका साथै प्रकृतिको आफ्नोपनलाई पनि नष्ट गरिदिएको छ । यसले मानिसको सहयोगीका रूपमा भन्दा पनि क्रमशः शत्रुका रूपमा भूमिका खेल्दै छ । प्रविधिका सहायताबाट आफूलाई अब्बल साबित गर्न खोज्दा मानिसहरूका बिच एकआपसमा द्वन्द्वको वातावरण सिर्जना भएको छ । प्रकृति, जमिन, पानी, हावा, वायुमण्डल आदि सबैमा प्रतिकूल असर परेको छ । यिनै नकारात्मक कुराहरूलाई निस्तेज गर्नका लागि जिरो कटेज अर्थात् वातावरणमैत्री प्रविधि प्रयोगशाला बनाइएको हो तर जिरो कटेज पनि उच्च प्रविधि नै भएकाले प्रकृति र प्राणीमाथिको खतराको अवस्था यथावत् नै रहेकामा चिन्ता प्रकट गरिएको छ । निम्नलिखित अनुच्छेदमा पनि सङ्कटग्रस्त वर्तमान युगजीवनको चित्रण गरिएको छ :

'चारैतिर धुवाँ छ । दुर्गन्ध छ । जीवन कतै छैन । आकाशमा काला आकृतिहरू नाचिरहेका छन् । ती आकृतिहरू धमिलो वायुमण्डलमा होली मनाइरहेका छन् ।' डिक्स सान्ट्रोले दृश्यको बयान गऱ्यो । ' प्रविधिले खायो । विज्ञानले खायो । अनुसन्धानले खायो । ती आतङ्ककारी भाइरसले खाए ।' डा. डिक्सको उत्तर थियो । 'यहाँ सबैतिर डरलाग्दो वातावरण देखिन्छ । कतै पहरो खसेको छ । कतै ठुला ढुङ्गाहरू अनौठो आकृति बनाएर पल्टिएका छन् । कतै बिच्छी नाचिरहेको छ । तिनीहरूलाई देख्नेबित्तिकै गिद्धले टिपिहाल्छन् । कतै डढेका नाङ्गा रुखहरू डरलाग्दा आकृति बनाएर उभिएका छन् । कतै आगो बलिरहेको छ । कतै चट्टान पड्किरहेको छ । कतै ढुङ्गा गुल्टिरहेको छ । कतै धुलो उडेको छ । कतै भुमरी उठेको छ ।' डा.डिक्स सान्ट्रोले अझै परिस्थितिको बयान गर्दै थियो । (पृ.१५३)

प्रस्तुत अनुच्छेदमा सबै क्षेत्र सङ्कटग्रस्त रहेको जनाइएको छ । उद्योग तथा कलकारखानाका कारण वातावरण प्रदूषित बनेको छ । सहर एवं कारखानाबाट निस्केको फोहरका कारण जताततै दुर्गन्ध फैलिएको छ । वायुमण्डल प्रदूषित छ । बाढीपहिराका कारण जनजीवन असुरक्षित छ । जमिन सुख्खा भएका कारण धुलो उडेको छ र त्यसले मानवस्वास्थ्यमा हानि पुऱ्याएको छ । छोटकरीमा भन्दा रुख, जमिन, वनस्पति, प्राणी, आकाश, पानी आदि कसैको पनि सामान्य अवस्था छैन । कतिपयलाई भाइरसले असर पुऱ्याएको छ भने कसैलाई वातावरणमा आएको परिवर्तनले हानि गरेको छ । यी सबैखाले परिस्थितिलाई देखेर डा.डिक्स चिन्तित देखिन्छ । यिनै विविध किसिमका समस्याको समाधानका लागि जिरो कटेज खोलिएको हो ।

**पर्यावरण संरक्षणप्रति चासो**

उपन्यासमा पर्यावरण संरक्षणका लागि चासो देखाइएको छ । यस उपन्यासको मुख्य कथ्य पनि पर्यावरण जोगाऔँ

भन्ने रहेको छ । यसका लागि सर्वप्रथम प्रकृतिको संरक्षणमा जोड दिनुपर्ने धारणा राखिएको छ । यस सम्बन्धमा उपन्यासको मुख्य पात्र डा.डिक्स यस्तो धारणा राख्दछ : “हामीले चाहेको गरेर देखाउन सक्छौँ । प्रकृतिको नियम बदल्न सक्दैनौँ । प्रकृतिको नियमलाई हामी सबैले मान्नुपर्छ । हाम्रो संसार प्रकृति र प्रविधिको संयोजन हो । संसारमा प्रकृतिभन्दा ठुलो केही छैन । प्रविधि पनि छैन” (पृ.११३) । यस भनाइअनुसार मानिसले चाहेमा अरू जस्तोसुकै काम पनि गर्न सक्दछ तर प्रकृतिको नियमलाई परिवर्तन गर्न सक्दैन । प्रकृति र प्रविधिमध्ये प्रकृति मुख्य हो तापनि संसार प्रकृति र प्रविधिको संयोजनबाट चलेको छ । यसैले प्रविधि प्रकृतिको विनाशका लागि नभई त्यसको सहयोग र संरक्षणका लागि हुनुपर्दछ । उपन्यासमा अन्यत्र पनि यस किसिमको विचार व्यक्त भएको पाइन्छ, जस्तै : “बायो म्यानहरू मेसिनजस्तै काममा लागिरहन्थे । त्यहाँ वातावरणमैत्री, पृथ्वी बचाउने कामहरू भइरहेका हुन्थे । पृथ्वीभरि भाइरसहरूले तापक्रम बढाउँथे । ठाउँठाउँमा ध्वस्त पार्थे । बायो म्यानहरू निरन्तर प्रतिकार गरिरहन्थे” (पृ.५९) । यस भनाइअनुसार पृथ्वीमा एकतर्फ वातावरण प्रदूषण गर्ने कार्य भइरहेको छ भने अर्कातर्फ त्यसको संरक्षणको काम भइरहेको छ । जिरो कटेज र त्यसमा काम गर्ने डा. डिक्स तथा बायो म्यानहरू पर्यावरणको संरक्षणमा लागेका पात्र हुन् । तिनीहरू पर्यावरण संरक्षणमा लागेका मानिसका प्रतिनिधिपात्र पनि हुन् । यसरी उपन्यासमा पर्यावरण बिग्रेको अवस्थाको चित्रण गरिनाका साथै यसको संरक्षणका लागि गरिएका प्रयासको पनि चित्रण गरिएको छ ।

पर्यावरणको संरक्षणमा सचेत प्राणीका नाताले मानिसको भूमिका महत्त्वपूर्ण हुनुपर्ने थियो तर मानिसको प्रविधिप्रतिको अत्यधिक मोह र असचेतताका कारण पर्यावरण झन्झन् दूषित बन्दै गइरहेको छ । संसारभर यस्तो अवस्थाप्रति बेवास्ता गर्ने व्यक्ति धेरै छन् । थोरै भए पनि यसप्रति सचेत र संवेदनशील हुने व्यक्ति पनि छन्, जस्तै :

> जिरो कटेज । वातावरणमैत्री, प्रविधि प्रयोगशाला । यो पृथ्वीको रक्षार्थ स्थापना गरिएको एन्टिभाइरस विश्वविद्यालय हो । यसका संस्थापक डा.डिक्स हुन् । डा.डिक्स एकजना असाधारण नेपाली नागरिक हुन् । उनले जिरो कटेजको अवधारणा उच्च शिक्षाका लागि तयार पारेका थिए । नेपालले हरित गृह ग्यासको उत्पादन कम गर्थ्यो । ग्लोबल वार्मिङ्ले सबैभन्दा बढी खतरा नेपाललाई थियो । त्यसकारण सबै देश मिलेर जिरो कटेज नेपालमा स्थापना गरेका हुन् । प्रकृति विनाश हुँदै गएकाले जनचेतना जगाउन, वायुमण्डलका विनाशकारी तत्त्वहरूसँग लड्न, प्रदूषण कम गरेर पृथ्वीको तापक्रम घटाउन जिरो कटेज स्थापना गरिएको हो । यो संसारकै नौलो विश्वविद्यालय हो । जहाँ प्रकृति, प्रविधि र पृथ्वीका बारेमा पढाइ हुन्थ्यो । कसरी आधुनिक प्रविधिको विकास गर्ने, कसरी प्रविधिको विनाश हुन नदिएर पृथ्वीलाई बचाउने भन्ने कुराहरू पढाइका विषय हुन्थे । (पृ.१)

उद्धरणअनुसार जिरो कटेज वातावरणमैत्री प्रविधि प्रयोगशाला हो । यसको स्थापना पृथ्वीको रक्षाका लागि भएको हो । यसलाई एन्टिभाइरस विश्वविद्यालय भनिएको छ । यसको संस्थापक डा.डिक्स हो । ऊ पनि प्रविधिको उपज कृत्रिम बौद्धिक हो तर यहाँ उसलाई मानवीकरण गरी मुख्य पात्रका रूपमा उभ्याइएको छ । ग्लोबल वार्मिङको असर विश्वभर परेको छ । नेपालले हरित गृह ग्यासको उत्पादन कम गर्दागर्दै पनि ग्लोबल वार्मिङ्को धेरै असर भोग्न परेका कारण जिरो कटेज नेपालमा स्थापना गरिएको हो । प्रकृति, प्रविधि र पृथ्वीका बारेमा पढाइ हुने जिरो कटेज नामको विश्वविद्यालयमा कसरी अत्याधुनिक प्रविधिको विकास गर्ने र प्रकृतिको विनाश हुन नदिएर पृथ्वीलाई बचाउने भन्ने कुराको पढाइ हुन्थ्यो । यो स्थापना गर्नाको खास उद्देश्य विनाश हुँदै गइरहेको प्रकृतिलाई बचाउनेबारे जनचेतना जगाउने, वायुमण्डलका विनाशकारी तत्त्वहरूसँग लड्न सक्ने क्षमताको विकास गर्ने र प्रदूषण कम गरेर पृथ्वीको तापक्रम घटाउने रहेको छ । जिरो कटेज स्थापनाको यस उद्देश्यकथनबाट पर्यावरण बिग्रिएकाले यसको

सुधारका लागि काम गर्नुपर्ने सन्देश दिनु यस उपन्यासको ध्येय रहेको पाइन्छ । डा.डिक्सको भनाइबाट अर्को एउटा उदाहरण जस्तै :

> त्यो आतङ्कवादी सङ्गठनलाई ध्वस्त नपारेसम्म म सन्तुष्ट हुन सक्दिन । हामी मान्छे मात्र बाँचेर हुँदैन, पृथ्वी बाँच्नुपर्छ । सबैभन्दा ठुलो पृथ्वी र प्रकृति हो । जब पृथ्वी र प्रकृति सुरक्षित हुन्छ, तबमात्रै म सन्तुष्ट हुन्छु । जलवायु परिवर्तनले मान्छेको अस्तित्त्वलाई खतरामा पारेको छ । त्यस्ता समूहले पृथ्वीलाई ध्वस्त पार्न आँटेका छन् । त्यसकारण पृथ्वीलाई बचाउन यो संसारको सिर्जना गरिएको हो, जुन कुरा पहिला पनि भनिसकेँ । यहाँको प्रविधिले वायुमण्डलमा भइरहेको प्रदूषणलाई कम गर्छ । बढिरहेको तापक्रम घटाउन मद्दत गर्छ । (पृ.११२) ।

यसप्रकार डा.डिक्स पर्यावरण संरक्षणप्रति प्रतिबद्ध देखिन्छ । प्रदूषण बढाउने तत्त्वहरूलाई नष्ट नगर्दासम्म ऊ सन्तुष्ट हुँदैन । उसका विचारमा सबैको कल्याणका लागि मानिस मात्र बाँचेर हुँदैन, पृथ्वी बाँच्नुपर्दछ । मानिसभन्दा प्रकृति ठुलो हो । वर्तमान समयमा पृथ्वी, प्रकृति र मानिस खतरामा परेका कारण यिनीहरूलाई खतराबाट मुक्त गर्नका लागि जिरो कटेज स्थापना गरिएको हो । यसरी उपन्यासमा पर्यावरण बिग्रेको कुरामात्र नगरी बिग्रिएकामा चिन्ता र यसको सुधारका लागि चासो दिइएको छ । उपन्यासको विषयवस्तु प्रविधिमा आधारित हुँदाहुँदै पनि उपन्यास प्रकृति र पर्यावरणमा हानि पुऱ्याउने प्रविधिका विपक्षमा उभिएको छ र आकाश, पृथ्वी, पानी, वायु, वनस्पति आदि पक्षको संरक्षण गर्नुपर्दछ भन्ने कुराका पक्षमा उभिएको छ ।

**निष्कर्ष**

टंक चौलागाईँ नेपाली साहित्यमा उपन्यास, नाटक र बालसाहित्यका क्षेत्रमा बढी परिचित छन् । आख्यानका मुख्य दुईवटा उपविधामध्ये उनको रुचिको क्षेत्र उपन्यास हो । चौलागाईँको उपन्यासयात्रा करिब दुई दशक पुग्न लागेको छ । यस अवधिमा उनले छवटा उपन्यास लेखिसकेका छन् । २०६८ सालमा प्रकाशित *जिरो कटेज* उनको दोस्रो उपन्यास हो । यो शैलीशिल्पका साथै विषयवस्तुका दृष्टिले नवीनखालको छ । उनका अन्य उपन्यासहरू पनि फरकफरक विषयवस्तुमा आधारित छन् तर प्रस्तुत उपन्यास अन्य उपन्यासभन्दा नितान्त भिन्न छ । यसलाई विज्ञानउपन्यास भन्न मिल्दछ । यसमा विज्ञान र प्रविधि अर्थात् यन्त्रलाई विषय बनाइएको छ । यो मूलतः साइबर र पर्यावरणविषयक उपन्यास हो । विज्ञानको विकास हुँदै जाँदा धेरै कुराको सुविधा प्राप्त भए पनि त्यसले वर्तमान समयमा प्रकृति, मानव र पृथ्वीलाई हानि पुऱ्याएको छ भन्ने कुरा यस उपन्यासमा व्यक्त गरिएको छ । साइबरका माध्यमद्वारा प्रकृतिको मौलिकपन ह्रास गराइएकामा चिन्ता प्रकट गर्दै मानिस र पर्यावरणमाथि भाइरस बनेर प्रवेश गरेको साइबरजन्य प्रदूषणलाई एन्टिभाइरस बनी प्रतिकार गर्नुपर्ने भाव उपन्यासमा अभिव्यञ्जित छ । यसमा मानिसलाई भन्दा पनि प्रकृतिलाई महत्त्व दिएर पृथ्वी, पानी, हावा, आकाश आदि वस्तु र पदार्थको सुरक्षा भएमात्र मानिसको सुरक्षा हुने धारणा राखिएको छ र सुरक्षाका लागि जिरो कटेजको व्यवस्था गरिएको छ । जिरो कटेज भनेको वातावरणमैत्री प्रविधि प्रयोगशाला हो । साइबर-पर्यावरणका दृष्टिले हेर्दा यस उपन्यासमा मुख्यतः प्रविधिका प्रयोगले प्रकृति एवं मानवअस्तित्त्व सङ्कटमा परेकामा चिन्ता र पर्यावरण संरक्षणप्रति चासो गरी दुईवटा प्रवृत्तिगत विशेषता देखिन्छन् । यसरी साइबरसँग सम्बन्धित विषयवस्तु ग्रहण गरी पर्यावरण र मानवअस्तित्त्वको बचाउका पक्षमा लेखिएको प्रस्तुत उपन्यास वर्तमान यन्त्र तथा साइबरकेन्द्री युगजीवनको जल्दोबल्दो समस्यामा केन्द्रित भएकाले नवीन, समसामयिक, प्रभावकारी र महत्त्वपूर्ण रहेको छ ।

**सन्दर्भसामग्रीसूची**

अधिकारी, ज्ञानु (२०७४), *साइबर सिद्धान्त, प्रयोग र अन्य समालोचना,* काठमाडौँ : साझा प्रकाशन ।

गौतम, कृष्ण (२०६४), *उत्तरआधुनिक जिज्ञासा,* काठमाडौँ : भृकुटी एकेडेमिक पब्लिकेसन्स ।

गौतम, लक्ष्मणप्रसाद (२०६७), उत्तरआधुनिक समालोचनामा कृति विश्लेषणका पद्धति र प्रारूप, *भृकुटी,* पूर्णाङ्क १०, पृ.३८५-३९८ ।

चौलागाईँ, टंक (२०६८), *जिरो कटेज,* स्थान उल्लेख नभएको, कखरा किताब ।

त्रिपाठी, गीता (२०८०), समकालीन नेपाली कवितामा पर्यावरण, *पर्या साहित्य सिद्धान्त र सिर्जना,* सम्पादक, गोविन्दराज भट्टराई र विजय हितान, काठमाडौँ : सम्पूर्ण किताब, पृ.६९-११२ ।

थापा, रोशन (२०६७), अनौपचारिक पठनसमीक्षामा सूचनाप्रविधि र उत्तरआधुनिकता, *भृकुटी* पूर्णाङ्क १०, पृ. ३७१-३८३ ।

पौड्याल, एकनारायण (२०७०), *समालोचनाको स्वरूप र पद्धति,* चितवन : विमर्श नेपाल ।

भट्टराई, गोविन्दराज (२०६४), *उत्तरआधुनिक विमर्श,* काठमाडौँ : मोडर्न बुक्स ।

भट्टराई, रमेशप्रसाद (२०६५/०६६), पर्यावरणीय समालोचना, स्वच्छन्दतावाद र देवकोटा, *कुञ्जिनी,* (१६/१३), पृ. १५६-१६७ ।

शर्मा, मोहनराज (२०६८), साइबरउपन्यास : साइबरसमालोचना, भूमिका, *जिरो कटेज,* लेखक, टंक चौलागाईं, स्थान उल्लेख नभएको : कखरा किताब, पृ. उल्लेख नभएको ।

हितान, विजय (२०८०), पर्यावरण साहित्य आजको आवश्यकता र महत्त्व, *पर्या साहित्य सिद्धान्त र सिर्जना,* सम्पादक, गोविन्दराज भट्टराई र विजय हितान, काठमाडौँ : सम्पूर्ण किताब, पृ.४७-५६ ।

Barry, Peter (2002), *Beginning Theory*, 2nd edn., UK: Manchester University Press.

Castells, M. (2010). *The Rise of the Network Society*. Oxford: Blackwell Publishing.

Childs, Peter and Fowler, Roger (2008), *The Rougtledge Dictionary of Literary Terms*, London and New York: Rougtledge Taylor and Francis Group.

Floridi, L. (2010). *The Philosophy of Information*. Oxford: Oxford University Press.

Gillis, Stacy (2007), Cybercriticism, *Introducing Criticism at the 21st Century*, Reprint, ed., Julian Wolfreys, New Delhi: Rawat Publications, pp. 202-216.

Maxwell, R., & Miller, T. (2012). *Greening the Media*. Oxford: Oxford University Press.

Zuboff, S. (2019). *The Age of Surveillance Capitalism*. New York: PublicAffairs.